# भू-सेवा केन्द्र सञ्चालन अनुमतिका लागि अनलाईन फारम निवेदन सम्बन्धी सूचना ।।।

## सूचना प्रकाशित मिति २०७७/११/१०

उपर्युक्त सम्बन्धमा भूमि व्यवस्थापन तथा अभिलेख बिभाग बबरमहल काठमाडौबाट २०७७ साल माघ १४ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्नु पर्ने भएको हुँदा मालपोत नियमावली २०३६ (सशोधन सहित) नियम २३ (क) र २३ (ख) बमोजिम भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी आवश्यक योग्यता पुगेका र भू-सेपा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा (७) मा तोकिए बमोजिम भौतिक पूर्वाधार पुगेका ईच्छुक व्यक्ति, बैंक तथा बित्तिय संस्थातथा स्थानिय तहहरुले अनुमित लिनका लागि मिति २०७७/११/१० गतेदेखि २०७७/१२/९ गतेसम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित कागजात यस कार्यालयमा पेश गर्नुहुन सबैको जानकारीको लाग यो सूचना प्रकाशित गरिएको छ ।

## भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने योग्यता:

१. भू-सेवा केन्द्र सञ्चालन गर्ने व्यक्तिको हकमा

- नेपाली नागरिक
- अठार बर्ष उमेर पूरा भएको
- कम्प्यूटर बिषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र (+२) तह वा अन्य बिषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको,
- प्रचलित कानून बमोजिम स्थाई लेखा नम्बर लिएको,
- भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको,
- नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषि प्रमाणित नभएको ।

२. भू-सेवा केन्द्र सञ्चालन गर्ने संस्थाको हकमा

- नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको,
- प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,
- नेपाली नागरिकले स्थापना र सञ्चालन गरेको,
- संस्थामा काम गर्ने कम्तीमा पएक जना जनशक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तीमा दश जोड दुई उत्तीर्ण गरेको वा अन्य बिषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तीमा ६ (छ) महिनाको तालिम प्राप्त गरेको,
- प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,
- कर चुक्ताको प्रमाणपत्र भएको र
- भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।

३. भू-सेवा केन्द्र सञ्चालन गर्ने कानून व्यवसायी वा लेखापढीको हकमा

- कानून व्यवसाय वा लेखापढी व्यवसायको प्रमाणपत्र भएको,
- नेपाली नागरिक,
- प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर भएको र
- नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको

४. साधारण प्रयोगकर्ता र पटके प्रयोगकर्ताको हकमा

- प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा हुनु पर्ने छ । तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता सेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीको सम्बन्धित कार्यालयमा गइ डाटा अध्यावधिक गराउनु पर्नेछ ।

५. **कुनै स्थानिय तहले भू-सेवा केन्द्र सञ्चालन गर्न चाहेमा दफा ७ बमोजिमको पूर्वाधारको व्यवस्था गर्नु पर्नेछ ।** *

भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार (भूसेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७):

- कम्प्यूटर
- प्रिन्टर
- पावर ब्याकअप सिष्टम
- स्क्यानर

- भू-सूचना प्रणालिमा कम्प्याटिवल हुने बायोम्याट्रीक डिभाईओ, वेव क्यामेरा तथा दस्तखत मेशिन
- कम्तिमा ५।५ एमबिपिएसको डेडिकेटेड ईन्टरनेट कनेक्टीभिटी

## अनुमती पत्रको दस्तुर, धरौटी, अवधि तथा नविकरण सम्बन्धी व्यवस्था

क. साधारण प्रयोग कर्ताले यूजर एकाउन्ट खोल्नको लागि यस मालपोत कार्यालय तनहुँमा रु.५००।- अक्षेरुपी पाँच सय रुपैया दस्तुर बुझाउनु पर्ने छ र प्रत्येक दश बर्षमा नविकरणको लागि एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्ने छ ।

ख. साधारण प्रयोगकर्ताले यूजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वतः निस्कृय हुने छ ।

ग. भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी अनुमति लिन देहाय बमोजिमको दस्तुर लाग्ने छ ।

अ. ब्यक्तिको हकमा रु.३०००।- अक्षेरुपी तीन हजार रुपैयाँ मात्र ।

आ. संस्थाको हकमा रु.५०००।- अक्षेरुपी पाँच हजार रुपैयाँ मात्र ।

इ स्थानीय तहलाई भू-सेवा केन्द्र सञ्चालनको लागि अनुमति लिनलाई र नविकरण गर्नलाई कुनै दस्तुर लाग्ने छैन ।

घ. भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी अनुमति लिन व्यक्ति वा संस्थाले को.ले.नि.का तनहुँको धरौटी खाता नं. ०६००१०००००२००३००००००१ देहाय बमोजिमको धरौटी रकम जम्मा गरी भौचर पेश गर्ने पर्ने । बैक ग्यारेण्टीको हकमा चालु आर्थिक बर्षको बाँकी रहेको अवधिमा एक पमहिना थप गरी कायम हुने पकुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

अ. व्यक्तिको हकमा रु. ५०,०००।- अक्षेरुपी पचास हजार रुपैयाँ मात्र ।

आ. संस्थाको हकमा रु. २,००,०००।- अक्षेरुपी दुई लाख मात्र ।

ङ. अनुमति पत्र नविकरण गराउन चाहने व्यक्ति वा संस्थाले अवधि समाप्त हुनु अघि तीन हजार दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।

च. भू-सेवा केन्द्र सञ्चालन अनुमति पत्रको अवधि एक आर्थिक बर्षको हुने छ तर पहिलो पटक सूचना भएको हकमा असार मसान्तसम्म हुनेछ ।

सूचना अनुसार प्राप्त निवेदनहरुको छानविन एवम् अनुगमन गरी भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ५ अनुसार अनुमित पत्र जारी गरिने छ ।

यस सूचनामा उल्लेख नभएका विषयवस्तुको बारेमा भू-सूचना केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

मालपोत अधिकृत